

के तपाईंको घर पा( नीले रसाएको छ ?

अब चिन्ता नगर्नुहोस !

चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।

सम्पर्क: प्रगति ट्रेड कन्सर्न

रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)

०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा

कलर भिजिटिङ कार्ड साथै

तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा

सम्पर्क:

०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क १६३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० असार ११ गते सोमबार ❑ 26 Jun 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## पोखरा महानगरको बजेट ७ अर्ब १५ करोड

**पोखरापत्र संवाददाता**
पोखरा, १० असार

पोखरा महानगरपालिकाले आगामी आर्थिक वर्ष २०८०/८१ का लागि ७ अर्ब १५ करोडको बजेट ल्याएको छ । महानगरपालिकाले आइतबार पोखरा सभागृहमा आयोजना गरेको १३ औं नगरसभामा आगामी आर्थिक वर्ष लागि ७ अर्ब १५ करोड १५ लाख १७ हजारको अनुमानित बजेट ल्याएको हो ।



महानगरपालिकाका उपप्रमुख मञ्जुदेवी गुरुङले नगरसभामा बजेट प्रस्तुत गर्दै उक्त बजेट सार्वजनिक गरेकी हुन्। चालु आर्थिक बर्ष भन्दा आउदो आर्थिक बर्षको बजेट २०.४५ प्रतिशत अर्थात १ अर्ब ८३ करोड ८७ लाख १२ हजारले कमी हो । यस बर्ष राजश्व संकलन लक्ष्य अनुरुप गर्न नसकिएको र संघिय सरकारबाट समेत प्राप्त हुने विभिन्न अनुदानको रकम समेत घटेकोले बजेटको आकार केही घट्न गएको पोखराका मेयर धनराज आचार्यले बताए । संघीय सरकार अनुदानवाट २ अर्व ७६ करोड ३२ लाख, प्रदेश सरकार अनुदानवाट १० करोड २३ लाख ६२ हजार, आन्तरिक आयवाट २ अर्व २७ करोड ८७ लाख व्यहोरिने भएको उपप्रमुख गुरुङले बताइन्। यसै गरी संघीय राजश्व बाडँफाँडबाट ३६ करोड ६२ लाख व्यहोरिने छ भने प्रदेश राजश्व वाँडफाड ८ करोड २५ लाख व्यहोरिने भएको छ । स्थानिय राजव बाटफाट बाट १ अर्ब १ करोड ७५ लाख र संघीय सरकार शहरी बिकाश आयोजना अनुदान बाट ८ करोड ४० लाख ९१ हजार प्राप्त हुने अनुमान गरिएको उनले बताइन् । ४५ करोड ६८ लाख ६५ हजार न्यून हुन जाने देखिन्छ । न्यून हुन जाने बजेट चालु आ.व.को अन्त्यमा बचत हुने मौज्दात रकमबाट व्यहोर्ने भएको छ । खर्च केन्द्रगत रुपमा नगर कार्यपालिकाको कार्यालय तर्फ ८१ करोड २२ लाख २६ हजार, सामाजिक विकास ६ करोड ५० लाख , आर्थिक विकास तर्फ १० करोड, वडा कार्यालय तर्फ ७२ करोड ६० लाख र पूर्वाधार तर्फ २ अर्ब, पर्यटन शहरी विकास तथा वातावरण तर्फ ७० करोड, विभिन्न कोषहरुमा १४ करोड, संघीय शर्सत अनुदान २ अर्ब २३ करोड ६२ लाख र प्रदेश शसर्त अनुदान ८० लाख तथा शहरी विकास आयोजनामा ८ करोड ४० लाख ९१ हजार बजेट पेश गरिएको छ । चालुआर्थिक वर्षका लागि ८ अर्ब ९९ करोड २ लाख २९ हजार बजेट विनियोजन भएकोमा आषाढ ८ सम्म ३ अर्ब ८५ करोड ५५ लाख ८४ हजार खर्च भई ४३.०५५ प्रगती हासिल भएको महानगरले जनाएको छ । असार मसान्तसम्म ७० प्रतिशत खर्च हुने अनुमान गरिएको उपप्रमुख गुरुङले बताइन् । चालु आर्थिक वर्षमा कुल विनियोजित रकममध्ये आन्तरिक स्रोत वाट ४ अर्ब ३० करोड १५ लाख ५२ हजार संकलनको लक्ष्य राखिएकोमा हालसम्म १ अर्ब १९ करोड ७१ लाख ९२ हजार सङ्कलन भएको छ । उक्त बजेटले पोखरा पर्यटकीय पूर्वाधारको विकास गर्ने, उत्पादनशील र व्यावसायिक कृषि प्रणालीको विकास गर्ने, समतामूलक र सन्तुलित पूर्वाधार निर्माण गर्ने, फोहोरमैलाको वैज्ञानिक व्यवस्थापन र प्रदुषण नियन्त्रण गर्ने, सार्वजनिक सम्पत्तिको अतिक्रमण रोक्ने, संरक्षण गर्ने र उत्पादनशील उपयोग गर्ने उद्धेश्य राखेको छ । त्यसै गरी सभ्य, सुसंस्कृत र व्यवस्थित शहरीकरणको थालनी गर्ने, सामाजिक समावेशीकरण, लैङ्गिक विकास र सहभागितामूलक विकासका माध्यमवाट समतापूर्ण समाजको निर्माण गर्ने, गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवा प्रदान गर्ने, नागरिकलाई महानगरका सेवा, सुविधा, सहज र शीघ्र उपलब्ध गराई जवाफदेही सार्वजनिक सेवाको प्रत्याभूति गर्ने भएको छ ।

त्यसै गरी बजेटले पर्यटन प्रवर्द्धन, हरित, उत्थानशील र दिगो पूर्वाधार विकास, वातावरण संरक्षण, सम्वर्द्धन तथा फोहोरमैला व्यवस्थापन, समावेशी, सन्तुलित र समतामूलक विकास, संस्थागत विकास, सुशासन प्रवर्द्धन तथा गुणस्तरीय सेवा प्रवाह, स्वरोजगार, उद्यमशीलता तथा व्यवसायिक कृषि प्रणालीको प्रवर्द्धन, गुणस्तरीय, जवाफदेही र प्रतिस्पर्धी मावनस्रोत विकास, गुणस्तरीय शिक्षा तथा आधारभुत स्वास्थ्यको विकास र व्यवस्थापन गर्न बजेटले प्राथमिकता दिएको छ ।

## ठूला दरका भारतीय नोटलाई वैधानिकता दिन व्यवसायीको माग

**पोखरापत्र संवाददाता**
पोखरा, १० असार

नेपाल राष्ट्र बैंक पोखराकी निर्देशक आर्या जोशीले आपूर्ति बढी हुँदा बजारमा भारतीय रुपैयाँ छ्यापछ्याप्ति भएको बताएकी छन् ।

'भारतीय पर्यटकहरुको आवागमन बढेको छ, सीमा क्षेत्रमा त क्यासिनो पनि खुलेका छन्,त्यहाँबाट भारतीय रुपैयाँ भित्रिएको छ'उनले भनिन्,' भारतबाट हुने आयात कम हुँदा माग भने कम भएको छ ।' निर्देशक जोशी पोखरा उद्योग वाणिज्य संघले आइतबार आयोजना गरेको वैदेशिक मुद्राको प्रयोग र समस्या विषयक अन्तरक्रिया कार्यक्रममा बोल्दै थिइन् । बजारमा सय रुपैयाँभन्दा बढीका भारतीय नोटहरु प्रचलित विनिमय दरभन्दा घटीमा कारोबार भइरहेको, ठूला भारतीय नोट नचल्दा पर्यटकहरु मर्कामा परेको गुनासो आएसँगै पोखरा उद्योग वाणिज्य संघले सो कार्यक्रमको आयोजना गरेको अध्यक्ष पवनकुमार प्रजापतिले बताए । कार्यक्रममा बोल्दै अध्यक्ष प्रजापतिले भारतीय ठूला नोटको प्रचलनको व्यवस्था गरि नुपर्ने, अन्तरदेशीय विद्युतीय भुक्तानी प्रणाली तत्काल कार्यान्वयनमा आउनुपर्ने र व्यवसायीहरुसँग भएका भारतीय ठूला नोटको व्यवस्थापन हुनुपर्ने माग गरेका थिए । ठूला नोट नचल्दा नेपाल आउने भारतीय पर्यटकले दुःख पाएको र पर्यटकले चाहेजति खर्च गर्ने व्यवस्था गरि नुपर्ने पनि उनले बताए । 'नेपालमा सय रुपैयाँभन्दा ठूला भारतीय नोट चल्दैनन्,यहाँ भारतीयको एटीम, भिसा र मास्टरकार्ड पनि मुस्किलले चल्छ,' उनले भने,' एउटा मान्छे पैसाको भारी बोकेर



घुम्न निस्कँदैन ।अब डिजिटल भुक्तानी प्रणाली कार्यान्वयनमा नगइ सुख छैन ।' अध्यक्ष प्रजापतिको प्रश्नको उत्तर दिँदै राष्ट्र बैंक पोखराकी निर्देशक जोशीले भारतकै चाहनाका कारण नेपालमा ठूला भारतीय नोट प्रचलनमा नआएको जिकिर गरिन् । ठूला नोट प्रचलनमा ल्याउनको लागि भारतसँग कुटनीतिक पहल गरिनुपर्ने उनको धारणा थियो । अन्तरदेशीय विद्युतीय भुक्तानी प्रणाली कार्यान्वयनमा आउँदा भारतीय नोटको समस्या कम हुने उनले बताइन् । निर्देशक जोशीले सय रुपैयाँभन्दा ठूला भारतीय नोटहरु साँटिदैन भन्ने थाहा हुँदाहुँदै पनि प्रचलन भइरहेको स्वीकार्दै भनिन्,'भारतले नै नलिने पैसा राष्ट्र बैंकले लिँदैन । यसमा हाम्रो पनि दोष छ ।' नेपाल राष्ट्र बैंकले डिजिटल पैसा प्रयोगमा ल्याउने तयारी थालेको र विद्युतीय भुक्तानी प्रणालीलाई व्यवस्थित गरिने पनि उनले जानकारी दिइन् । निर्देशक जोशीले कर्जाको ब्याजदर घट्दो क्रममा रहेको तर समय भने लाग्ने पनि बताइन् । तलरता बढेको र अर्थतन्त्रका सूचकहरु सकारात्मक हुँदै गएकाले व्याजदर घटने उनको तर्क थियो । नेपाल बैंकर्स एसोसियसन गण्डकीका अध्यक्ष सूर्य रोकाले पनि भारतकै कारण ठूला दरका भारतीय नोटको प्रयोग हुन नसकेको बताए । नेपाल हुँदै नक्कली नोटहरु भारत भित्रने आशंकासँगै भारतले त्यो नीति लिएको उनको भनाइ थियो । उनले बैंकहरु व्याजदर घटाउने प्रक्रियामा रहेको जानकारी दिए । पोखरा उद्योग वाणिज्य संघका निवर्तमान अध्यक्ष नारायण कोइरालाले घरघरमा थन्किएका भारतीय रुपैयाँ व्यवस्थापन गर्न राष्ट्र बैंकले नै पहल गर्नुपर्ने बताए । वरिष्ठ उपाध्यक्ष गोकर्ण कार्कीले ठूला दरका भारती नोटहरु सकेसम्म प्रयोगमा नल्याउन व्यवसायीहरुसँग आग्रह गरे । टान गण्डकीका अध्यक्ष कृष्ण आचार्यले नेपालका केही निषेधित क्षेत्रमा जान पर्यटकले डलरमा शुल्क बुझाउनुपर्ने तर सजिलै डलर नपाउँदा समस्या भएको सुनाए । उनले डिजिटल भुक्तानीलाई छिटो व्यवस्थित गर्नुपर्ने माग राखे । पोखरा उद्योग वाणिज्य संघका महासचिव बलराम आचार्यको संचालन रहेको कार्यक्रममा उपाध्यक्षद्धय देवेन्द्र केसी र उत्तममान बुद्धाचार्य, कोषाध्यक्ष दीनेशचन्द्र बास्तोला, कार्यसमिति सदस्यहरु सुदीप प्रधानाङ्ग,बालकृष्ण कोइराला, दीलिप श्रेष्ठ, जीवनकुमार श्रेष्ठलगायतले विभिन्न जिज्ञासा राखेका थिए । भारतीय ठूला नोट कम दरमा सटही गर्नुपरेको र अनौपचारिक अर्थतन्त्र मौलाउँदै गएकोमा उनीहरुले चिन्ता व्यक्त गरे ।

## नेकपा विभाजनको यथार्थ विश्लेषण आवश्यक : अध्यक्ष ओली

**रासस**
काठमाडौं, १० असार

नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले कम्युनिष्ट आन्दोलनको हितका लागि नेपाल कम्युनिष्ट पार्टी (नेकपा) विभाजनको यथार्थ विश्लेषण आवश्यक रहेको बताउनुभएको छ । एमाले नेता केशवप्रसाद वडालले लेख्नु भएको सिंहावलोकन पुस्तकको आइतबार यहाँ विमोचन गर्दै उहाँले नेकपा विभाजनको यथार्थ विश्लेषण गर्न सके भविष्यमा राम्रो हुनेसमेत बताउनुभयो ।

"नेकपा विभाजन किन कसरी, के उद्देश्य, आन्तरिक र वाह्य कारण के थियो त्यसको यथार्थ विश्लेषण गर्नुपर्छ", उहाँले भन्नुभयो, "नेकपा विभाजन हुनुका कारण स्वचालित थियो वा परचालित के थियो ? त्यसको विश्लेषण जरुरी रहेको छ ।

यथार्थ विश्लेषणले नेपालको कम्युनिष्ट आन्दोलनको हित गर्दछ ।" नेपालमा भएका आन्दोलनले स्वतन्त्र क्रान्तिको रुप लिन नपाएपछि असफल भएको उहाँको भनाइ थियो । "नेपालका आन्दोलनले स्वतन्त्र क्रान्तिको रुप लिन पाएन, लिएन र त्यसरूपमा सफल पनि भएन", उहाँले भन्नुभयो । अध्यक्ष ओलीले २००७ सालमा नेपाली जनताको बलले भएको आन्दोलन भए पनि तर सम्झौता नेपाली र नेपालका राजनीतिक शक्तिले वार्ता गरेर टुङ्ग्याउन नपाएको बताउनुभयो । "विसं २०३६ को आन्दोलन जनमत सङ्ग्रहमा गएर टुङ्गियो । २०४६ सालको आन्दोलन एउटा सम्झौतामा गएर टुङ्गियो । २०६२/२०६३ सालको आन्दोलन सम्झौतामा गएर टुङ्गियो", उहाँले भन्नुभयो । उहाँले अन्तराष्ट्रिय क्षेत्रमा पनि राजनीतिक पुरानै राजनीतिक नभएको भन्दै कम्युनिष्ट भनेर जे बुझिन्थ्यो अहिले त्यो पुरानो कम्युनिष्ट आज नभएको प्रस्ट पार्नुभयो ।

अध्यक्ष ओलीले नयाँ ढङ्गले सामाजिक परिवर्तन गर्न सकिन्छ भनेर जनताको बहुदलीय जनवादी ल्याइएको बताउनुभयो ।

अध्यक्ष ओलीले पुस्तकमा नेपाल कम्युनिष्ट भित्र के के खालका समस्या रहेका छन्, त्यसको पनि पुस्तकको अर्को संस्करणमा उठान गर्नुपर्ने धारणा राख्नुभयो ।

घटनासँगसम्बन्धी भएर प्रवृत्तिको विश्लेषण पुस्तकमा गरियो भने पुस्तक महत्त्वपूर्ण हुने उहाँको भनाइ थियो । लेखक वडालले पुस्तक नेपाल कम्युनिष्ट पार्टीको स्थापनादेखि १० औं महाधिवेशनसम्मको बारेमा लेखिएको जानकारी दिनुभयो ।


### व्यवसायिक कृषिले बनाउँछ सुखी

◆ निर्वाहमुखी कृषि प्रणालीमा सुधार गरी व्यवसायिक कृषिको प्रारम्भ गरौं,

◆ खेतीयोग्य जमिन बाँझो नराखौं,

◆ लाखौं खर्च गरेर विदेशिनुको सट्टा स्वदेशमै व्यवसायिक कृषि र पशुपालन गरौं,

◆ व्यवसायिक कृषि उत्पादनमार्फत आर्थिक उपार्जन गरौं ।

नेपाल सरकार

विज्ञापन बोर्ड


## जीप दुर्घटनामा एक जनाको मृत्यु

**पोखरापत्र संवाददाता**
बागलुङ, १० असार

जिल्लाको काठेखोला गाउँपालिका-३ धम्जाको रामचालुमा शनिबार राति जीप दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ भने दुई घाइते भएका छन् ।

जिल्ला सदरमुकाम बागलुङ बजारबाट धम्जातर्फ जाँदै गरेको ध१ज ७१९० नम्बरको जीप दुर्घटना हुँदा धम्जाका १८ वर्षीय विजय विकको मृत्यु भएको प्रहरीले जनाएको छ ।

विकको घटनास्थलमै मृत्यु भएको प्रहरीको भनाइ छ । घाइते दुई जनालाई उपचारका लागि बागलुङ सदरमुकाम ल्याइएको सूचना अधिकारी केसीले जानकारी दिनुभयो । जीप करिब सडकबाट ५० मिटर तल खसेको बताइएको छ ।





पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस

नयाँबजार, पोखरा

फोन नं. : ०६१-५७०६५१

# बढेन परिवार नियोजनको साधन प्रयोग दर

**रासस**
काठमाडौं, १० असार

एघार वर्षका अवधिमा परिवार नियोजनको आधुनिक साधन तथा विधिको प्रयोग बढाउन गरिएका उपलब्धि शून्य देखिएको छ । सन् २०११ देखि सन् २०२२ सम्ममा यस्ता विधिको प्रगति उकालो लाग्न सकेको छैन । अर्थात् लगातार स्थिर देखिएको छ।

नेपाल जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण सन् २०११, २०१६ र शुक्रबार सार्वजानिक गरिएको छैटौँ स्वास्थ्य सर्वेक्षण २०२२ मा आइपुग्दा परिवार नियोजनको आधुनिक साधन तथा विधि ४३ प्रतिशतभन्दा उक्लिन सकेको छैन। सन् १९९६ मा प्रयोग प्रतिशत २६, २००१ मा ३५, सन् २००६ मा ४४ थियो। परिवार नियोजनको परम्परागत विधिमा भने थोरै प्रगति देखिएको छ। सन् २०१६ मा १० प्रतिशत रहेका सो विधि १५ प्रशितमा उक्लिएको छ । परम्पारगत विधिमा केही उकालो लाग्नु तर आधुनिक साधन तथा विधिमा स्थिर रहनुले खासै यस क्षेत्रमा सकारात्मक प्रभाव पार्दैन।

चौवालीस प्रतिशतमा उक्लिएको आधुनिक साधन तथा विधि घटेर लगातार एक दशकभन्दा बढी स्थिर हुनुले परिवार व्यवस्थापनका क्षेत्रमा गरिएका लगानीको गम्भीर समीक्षा गर्ने बेला देखिएको छ। यसले परिवार नियोजनको साधन चाहेर पनि प्रयोग गर्न नपाइरहेका सङ्ख्या धेरै छ भन्ने कुरालाई पनि सङ्केत गरेको छ। यसले यो सेवा आवश्यक पर्नेहरूले अन्य विधि अपनाइरहेका अथवा असुरक्षित गर्भपतन गराउनेको सङ्ख्या धेरै रहेको हुनसक्ने सङ्केतसमेत गरेको छ।

पछिल्लो सर्वेक्षणले १५ देखि ४९ वर्षका विवाहिता महिलाले परिवार नियोजनको कुनै न कुनै साधन वा विधि प्रयोग दरमा केही वृद्धि भएको देखाएको छ। स्वास्थ्य सर्वेक्षणमा २०१६ मा यस्तो प्रयोग दर गर्ने ५३ प्रतिशत रहेकामा सन् २०२२ को सर्वेक्षणमा ५७ प्रतिशत पुगेको देखिएको छ । यसले यस क्षेत्रमा केही सकारात्मक 'इन्डिकेटर' गरेको छ । छैटौँ स्वास्थ्य सर्वेक्षण हिमाल, पहाड, तराईका सबै भूगोल तथा सातै प्रदेशका १३ हजार सात सय ८६ घरधुरीमा गरिएको थियो । स्वास्थ्यका नीति निर्माण तय गर्न स्वास्थ्य सर्वेक्षणको नतिजालाई गतिलो विश्वासिलो आधारका रूपमा लिइन्छ। सन् १९९६ देखि नेपालमा विभिन्न दातृ निकायको आर्थिक एवं प्राविधिक सहयोगमा प्रत्येक पाँच वर्षको अन्तरालमा स्वास्थ्य सर्वेक्षण गर्रिंदै आइएको छ।

सर्वेक्षणले विवाहिता महिलाका बीचमा सबैभन्दा बढी लोकप्रिय आधुनिक साधन वा विधिमध्ये बन्ध्याकरण नै देखाएको छ। सन् २०१६ मा पनि बन्ध्याकरण नै थियो । यसपछि सुई र इम्लान्ट छन् । अझै पनि १५ प्रशित महिलाले परिवार नियोजनको परम्परागत विधि अपनाइरहेका छन् । यसमध्ये १३ प्रतिशतले वीर्य बाहिर खसाल्ने विधि र दुई प्रशितले केही समय सम्भोग नगर्ने विधि अपनाइरहेका छन् । आर्थिक सर्वेक्षण २०७९/८० का अनुसार आर्थिक वर्षको फागुनसम्ममा परिवार नियोजनका अस्थायी साधनको नयाँ प्रयोगकर्ताको सङ्ख्या चार लाख सात हजार पाँच सय ६६ पुगेको थियो।

सहरीवासी हरेक किसिमले 'स्मार्ट' देखिए पनि परिवार नियोजनको आधुनिक साधन र विधि प्रयोग गर्नमा पछाडि नै छन्। स्वास्थ्य सर्वेक्षणमा भनिएको छ, "विवाहिता महिलामा परिवार नियोजनको आधुनिक साधन वा विधिको प्रयोग सहरी क्षेत्र (४१) मा भन्दा ग्रामीण क्षेत्र (४७)मा बढी देखिएको छ। प्रदेशअनुसार गण्डकी प्रदेशमा ३५ र सुदूरपश्चिम प्रदेशमा ४७ सम्म रहेको छ । बढ्दो शिक्षा र घरपरिवारको सम्पन्नतासँगै आधुनिक साधन वा विधिको प्रयोग समान्यतया घट्दै गएको देखिन्छ ।" विवाहिता महिलामध्ये ६१ प्रतिशतले अरु बच्चा जन्माउन चाहँदैनन् र १७ प्रतिशतले कम्तीमा दुई वर्षसम्म बच्चा जन्माउन ढिलाइ गर्न चाहन्छन् । बच्चा जन्माउन रोक्न अथवा ढिलो गर्न चाहने महिलामा परिवार नियोजनको माग ७८ प्रतिशत रहेको सर्वेक्षणले देखाएको छ । सन् २०१६ मा यस्तो माग ७६ प्रतिशत थियो । परिवार नियोजनको जम्मा माग भन्नाले परिपूर्त माग र अपरिपूर्त माग दुवै समावेश हुन्छ । परिपूर्त माग भन्नाले हाल परिवार नियोजनको साधन/सेवा प्रयोग गरिराखेका विवाहिता महिलाको प्रतिशत हो । सन्ताउन्न प्रतिशत विवाहिता महिलाले कुनै न कुनै साधन र विधि प्रयोग गर्दछन्, ४३ प्रतिशतले आधुनिक र १५ प्रतिशतले परम्परागत विधि प्रयोग गर्दछन्। परिवार नियोजनको अपरिपूर्त माग भन्नाले विवाहिता महिला जो बच्चा ढिलो पाउन चाहन्छन् वा थप बच्चा जन्माउन चाहँदैनन् तर परिवार नियोजनको कुनै साधन वा विधि हाल प्रयोग नगरिराखेका महिलाको अनुपात भन्ने बुझिन्छ।

नेपाल परिवार नियोजन सङ्घका व्यवस्थापक डा नरेशप्रताप केसी प्रजनन दर घट्यो, परिवार व्यवस्थापनका योजनाका कम लगानी गर्नुपर्छ भन्ने मान्यता राख्न नहुनेमा जोड दिनुहुन्छ । उहाँले भन्नुभयो, "बसाइँसराइ, प्रजनन उमेरका जनशक्तिको वैदेशिक रोजगारीमा आकर्षणले पनि परिवार नियोजनको आधुनिक साधन तथा विधिको प्रयोग प्रवृत्ति स्थिर रहेको हुनसक्छ, यसलाई वढाउन परिवार व्यवस्थापनका क्षेत्रमा थप लगानी बढाउनु पर्छ ।" विगत साढे दुई दशकमा नेपालमा प्रजनन दर आधाले घटेको देखिन्छ। सन् १९९६ मा एक जना महिलाले औसत पाँच बच्चा जन्माउने गरेकोमा सन् २०२२ मा औसत दुई दशमलव एक बच्चा मात्र जन्माउने गरेको सर्वेक्षणले देखाएको छ।

# चट्याङ लागेर एकको मृत्यु

**पोखरापत्र संवाददाता**
पोखरा, १० असार

पोखरामा चट्याङ लागेर एक जनाको मृत्यु भएको छ। पोखरा महानगरपालिका-२३ हर्पनका ४९ वर्षीय देवबहादुर विकको घरमै चट्याङ लागेर ज्यान गएको जिल्ला प्रहरी कार्यालय कास्कीले जनाएको छ। शनिबार राति साढे ११ बजेको समयमा ढुङ्गामाटोले बनेको एकतले कच्ची घरको ढोका लगाउने क्रममा चट्याङले लागी विक बेहोस हुनुभएको थियो।

घटनालगत्तै अस्थायी प्रहरी पोष्ट बाम्दीबाट गएको प्रहरी टोलीले उहाँको उद्धार गरी मेट्रोसिटी अस्पताल पठाएको थियो । उहाँलाई अस्पतालले आइतबार बिहान २:२० बजे मृत घोषणा गरेको प्रहरीले जनाएको छ । प्रहरीका अनुसार मृतकको शव परीक्षणका लागि अहिले पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानअन्तर्गतको पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा राखिएको छ।

# दूध र मासु उत्पादनमा विकेन्द्रीकृत आयोजना प्रभावकारी बन्दै

**पोखरापत्र संवाददाता**
वालिङ, १० असार

स्याङ्जामा दूध र मासुको उत्पादन वृद्धिमा नेपाल लाईभस्टक सेक्टर इनोभेसन आयोजनाको भूमिका प्रभावकारी देखिएको छ।

जिल्लामा दूध र मासुजन्यपदार्थ उत्पादन गर्ने गरी सञ्चालनमा रहेका समूह।सहकारी तथा व्यक्तिगत फार्मलाई थप व्यवस्थित बनाउने उद्देश्यले काम गर्दै आएको उक्त आयोजनाको पोखरास्थित विकेन्द्रीकृत आयोजना सहयोग इकाइका प्रमुख डा रेशमराज ज्ञवालीले बताउनुभयो।

विकेन्द्रीकृत आयोजनाअन्तर्गत गण्डकी प्रदेशमा ७४ वटा आयोजनामा सम्झौता भएकामा यस जिल्लाका २७ वटा आयोजना परेका थिए। तीमध्ये १८ वटा समूह/सहकारी तथा नौ वटा व्यक्तिगत फार्म तथा प्रालिलाई अनुदान उपलब्ध गराइएको उहाँको भनाइ थियो। विकेन्द्रित आयोजनाले दूध र मासु उत्पादनमा काम गर्दै आएका १८ वटा समूह तथा सहकारीलाई रु चार करोड ९२ लाख अनुदान उपलब्ध गराएको थियो। "अठार वटा समूह। सहकारीलाई ५० प्रतिशतका दरले रु चार करोड ९२ लाख अनुदान उपलब्ध गराइएको छ" प्रमुख डा ज्ञवालीले भन्नुभयो, "यसमा तीस प्रतिशत बैंकबाट कर्जा र २० प्रतिशत किसानले नगद भुक्तानी गर्नुपर्छ।"

व्यक्तिगत नौ वटा फार्मलाई रु तीन करोड अनुदान उपलब्ध गराइएको र बाँकी रु तीन करोड अनुदान पाएका फार्महरुले ब्यहोर्नुपर्ने उहाँले बताउनुभयो । आयोजना कार्यान्वयन हुँदा गाईभैँसीको दूधमा ४० प्रतिशत वृद्धि हुने, खसी बोकाको मासु उत्पादनमा २० प्रतिशत वृद्धि हुने उक्त आयोजनाको अपेक्षा छ। उत्पादित दूध तथा मासुको बजारीकरणमा समेत थप टेवा पुग्ने विश्वास रहेको प्रमुख डा ज्ञवालीले उल्लेख गर्नुभयो।

विकेन्द्रित आयोजनामार्फत अनुदानप्राप्त भएसँगै किसानलाई थप व्यावसायिक बन्न प्रेरित गरेको गल्याङ नगरपालिका पशुसेवा शाखा प्रमुख सुशील अर्यालले बताउनुभयो।"दूध तथा मासु उत्पादनका क्षेत्रमा काम गर्न यस आयोजनाले महत्वपूर्ण भूमिका निर्वाह गरेको छ" उहाँले भन्नुभयो, "पशुपालनका क्षेत्रमा थप लगानी आकर्षित गराउन सकिएको छ।"विकेन्द्रित आयोजना सञ्चालनमा आएसँगै नगरपालिका भित्र दूध र मासुजन्य पदार्थको उत्पादन वृद्धि भएको प्रमुख डा ज्ञवालीको भनाइ थियो । नगरपालिकाभित्र विकेन्द्रित आयोजना सञ्चालन भएका समूह/सहकारी तथा व्यक्तिगत फार्ममा पशुपालन व्यवसाय आधुनिक र थप व्यवस्थित तरिकाले अगाडि बढ्दै गएको छ।

पशुसेवा क्षेत्रको क्षमता अभिवृद्धि, आधुनिकीकरण र सुदृढीकरण गर्ने, दूध तथा खसीबोकाको मासुको उत्पादकत्व तथा उत्पादन वृद्धि गर्ने, दूध खसीबोकाको मासुको मूल्य वृद्धि गराउने र पशुपालनका क्षेत्रमा थप लगानी आकर्षित गराउने उद्देश्यसहित सो आयोजना सञ्चालनमा ल्याइएको उहाँले बताउनुभयो।

# श्री अन श्री बास्केटबल तथा भलिबल स्पर्धा माउण्ट अन्नपूर्णमा

**पोखरापत्र संवाददाता**
पोखरा, १० असार



माउण्ट अन्नपूर्ण माध्यमिक विद्यालय पोखरा-३,नदीपुरले दुई दिने तेस्रो अन्नपूर्ण एस.ई.ई. श्री अन श्री बास्केटबल तथा भलिबल प्रतियोगिता सम्पन्न गरेको छ।

उक्त प्रतियोगितामा बास्केटबल छात्रातर्फ विन्ध्यश्वरी आदर्श बोर्डिङ्ग स्कुल प्रथम,द्धितीय माउण्ट अन्नपूर्ण माध्यमिक भएका थिए भने त्यस्तै छात्रतर्फ कोट गाउँ "ए" प्रथम,र कोट गाउँ "बी" द्धितीय हुन सफल भए । भलिबलतर्फ माउण्ट अन्नपूर्ण माध्यमिक विद्यालय प्रथम,पोखरा भलिबल ट्रेनिङ सेन्टर द्धितीय भएका थिए। प्रतियोगितामा दुवैतर्फ गरी सत्र समूहको सहभागीता रहेको थियो । विजेता खेलाडी तथा समूहलाई कार्यक्रमका प्रमुख अतिथिद्धय नेपाल ओलम्पिक कमिटीका उपाध्यक्ष तेजबहादुर गुरुङ र स्पोर्टस फर अल कमिसन गण्डकीका अध्यक्ष खड्ग रानाभाटले ट्रफी,मेडल तथा प्रमाणपत्र वितरण गरेका थिए।

माउण्ट अन्नपूर्ण माध्यमिक विद्यालय व्यवस्थापन समितिका अध्यक्ष सुरजप्रकाश प्रधानाङ्को सभापतित्वमा सम्पन्न कार्यक्रममा विद्यालयका प्राचार्य सइन्द्रराज श्रेष्ठ, शैक्षिक विभाग निर्देशक अशोककुमार शाहीले मन्तव्य राख्नुभएको थियो।

# बागलुङमा चट्याङबाट दुईको मृत्य

**पोखरापत्र संवाददाता**
बागलुङ, १० असार

बागलुङमा चट्याङ लागेर दुई जनाको मृत्यु भएको छ।

ढोरपाटन नगरपालिका-५ पाखापानीका चित्रबहादुर विकको घरमा शनिबार राति ९ बजे चट्याङ पर्दा उनको छ वर्षीय दिनेश विक र नौ वर्षीया छोरी सुनिता विकको मृत्यु भएको हो । चट्याङ लागेर चित्रबहादुरकी श्रीमती यमकुमारी विक घाइते भएको जिल्ला प्रहरी कार्यालय बागलुङका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक मदन केसीले जानकारी दिनुभयो । चट्याङले घर नजिकै बाँधेको एक भैँसीसमेत मेरेको प्रनाउ केसीको भनाइ छ।

# संविधानको रक्षा गर्ने जिम्मेवारी पत्रकारको काँधमा छ : नेता कोइराला

**रासस**
काठमाडौं, १० असार

नेपाली कांग्रेसका नेता डा शशाङ्क कोइरालाले संविधानको रक्षा गर्ने जिम्मेवारी पत्रकारको काँधमा रहेको बताउनुभएको छ।

नेपाल प्रेस युनियन काठमाडौं शाखाको नवौं जिल्ला अधिवेशनको आज उद्घाटन गर्दै उहाँले कांग्रेसको नेतृत्वमा निर्माण भएको संविधानको रक्षा गर्ने जिम्मेवारी सञ्चारकर्मीको काँधमा भएको बताउनुभयो।

"संविधानको रक्षाका लागि पत्रकारहरू लाग्नुहोस्", उहाँले भन्नुभयो । उहाँले कांग्रेस पछिल्लो समय छियाछिया भएको भन्दै यसलाई पुनर्जीवन दिन लाग्नुपर्ने बताउनुभयो।

कांग्रेस केन्द्रीय सदस्य अजयबाबु शिवाकोटीले लामो समयदेखि कांग्रेसको केन्द्रीय समितिको बैठक बस्न नसकेको भन्दै अविलम्ब केन्द्रीय समितिको बैठक बोलाउन नेतृत्वलाई आग्रह गर्नुभयो । उहाँले प्रेस स्वतन्त्रताको पक्षमा उभिन प्रेस युनियनकर्मीलाई आग्रह गर्नुभयो।

नेपाली कांग्रेस सङ्खुवासभाका सभापति एवम् सांसद दीपक खड्काले सञ्चारकर्मीले समाजलाई सकारात्मक सन्देश दिन आग्रह गर्नुभयो । उहाँले समाज परिवर्तनमा सञ्चारकर्मीको ठूलो योगदान रहेको उल्लेख गर्नुभयो।

नेपाल प्रेस युनियनका केन्द्रीय अध्यक्ष शिव लम्सालले प्रेस युनियनलाई चुस्त, दुरुस्त र श्रमजीवीको सङ्गठन बनाउनका लागि सबै पत्रकार लाग्नुपर्ने बताउनुभयो।


नेपाल प्रेस युनियन काठमाडौंका कार्यवाहक अध्यक्ष अच्युत रेग्मीले प्रेस युनियनलाई बलियो बनाउँदै नेपाल पत्रकार महासङ्घको निर्वाचनमा लोकतन्त्रवादी पत्रकारको प्रतिनिधित्व गराउन सबै लाग्नुपर्ने उल्लेख गर्नुभयो।


कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६



के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरूषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

महिलाहरूमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाझोपन) नि:सन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।



प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

एक क्षणको पाप कैयौं वर्षको कष्ट बन्छ ।
- कालीदास

## सम्पादकीय

# विदेश पलायन गराउने परीक्षा प्रणाली

नेपाल इन्जिनियरिङ परिषद्ले सञ्चालन गरेको लाइसेन्सको परीक्षामा ६६ प्रतिशत विद्यार्थी अनुत्तीर्ण भएका छन् । दोस्रो पटक लिइएको लाइसेन्स परीक्षा दिएका २४ सय ७४ जनामध्ये ८ सय १ जना मात्रै पास भएको परिषदले जनाएको छ। परीक्षा दिनका लागि भनेर २५ सय ६८ जनाले आवेदन दिएका थिए। तीमध्ये ९४ जना अनुपस्थित रहेका थिए । असार ६, ७ र ८ गते परीक्षा लिइएको थियो ।

यसअघि गत चैतमा लिइएको पहिलो लाइसेन्स परीक्षामा ७२ प्रतिशत फेल भएका थिए । त्यसबेला परीक्षा दिएका १९ सय ८१ जनामध्ये ५ सय ६५ जना उत्तीर्ण भएका थिए। सय पूर्णांकको २ घण्टे परीक्षामा न्यूनतम ५० अंक प्राप्त गर्ने परीक्षार्थी लाइसेन्स पाउन योग्य हुने व्यवस्था छ । परिषद्ले विभिन्न २३ वटा विषयगत विधामा इन्जिनियरिङ लाइसेन्सको परीक्षा सञ्चालन गरेको थियो । सबैभन्दा बढी सिभिल इन्जिनियरिङ विधाका विद्यार्थीहरू परीक्षामा सामेल थिए ।

अनुत्तीर्ण हुनेहरू अधिकांश विदेशमा पढेर फर्केका विद्यार्थीहरू रहेका छन । 'यो परीक्षामा इन्जिनियरिङको पहिलोदेखि चौथो वर्षसम्मको कोर्समा पढाइ हुने सबै प्रश्नहरू सोधिएको परिषद्ले जनाएको छ।' विदेशमा पढेर फर्केकाहरुका लागि केही गाह्रो हुने गरेको छ। नेपालमा लोक सेवा आयोग र पछिल्लो समय चिकित्सक र ईन्जिनियरिङ काउन्सिलले लिने परीक्षा घोकन्ते बढी हुने गरेको छ । उनीहरूले पढेको व्यबहारमा कसरी प्रयोग हुन्छ भन्ने भन्दा कसरी परीक्षामा पास हुने परिपाटीमा आउने नतिजा यस्तै हो । नेपालबाट विद्यार्थीहरू भारत, चीन, कोरिया, जापान, रुस, बंगलादेशलगायतका मुलुकहरूमा इन्जिनियरिङ पढ्न जाने गरेका छन ।

कुनै पनि क्षेत्रमा इन्जिनियर भएर काम गर्नका लागि परिषद्मा दर्ता भएको वा लाइसेन्स अनिवार्य हुन्छ । पेसको गुणस्तरमाथि प्रश्न उठेपछि गत वर्षको असोजमा परिषद्को ऐन संशोधन गरेर लाइसेन्स परीक्षालाई अनिवार्य गरिएको हो । त्यसअघि पास भएको प्रमाणपत्र परिषद्लाई बुझाएपछि इन्जिनियर दर्ता प्रमाणपत्र दिने व्यवस्था थियो । हालसम्म देशमा ७७ हजार इन्जिनियर परिषद्मा दर्ता छन् । परिषद्ले पुल्चोकको आईटी सेन्टरमा कम्प्युटर विधिबाट परीक्षा लिएको थियो । देशको प्राविधिक जनशक्तिको अभाव छ।प्राविधिक ज्ञान र सीप भएका विदेश जाने गरेका छन।उनीहरूलाई स्वदेशमा राख्ने भन्दा विदेश पठाउने हरेक क्षेत्रका परीक्षा प्रणालीमा सुधार आवश्यक छ ।


**नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण**

**पोखरा महानगरपालिका वडा नं. २५ हेमजा स्थित खुल्ला व्यायमशाला सिंढीको मुख निर्माण कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।**

**योजनाको नाम: खुल्ला व्यायमशाला सिंढीको मुख**
**स्थान: पोखरा-२५, सुन्दुरपुरी चोक, हेमजा, कास्की**
**योजना सुरु भएको मिति : २०८०/०१/२६ गते**
**योजना सम्पन्न भएको मिति: २०८०/०२/२५ गते**
**योजनाको कुल लागत : रु. ९,४१,५३४.२१ ।-**
**महानगरबाट विनियोजित रुकम : रु. ८,००,००० ।-**
**जन सहभागितावाट : रु. १,४१,५३४.२१ ।-**
**उपभोक्ता समिति अध्यक्ष: दिपकराज अधिकारी**

**खुल्ला व्यायमशाला सिंढीको मुख निर्माण उपभोक्ता समिति पोखरा-२५, हेमजा, कास्की**



**तपाईंको आज**

| | | | |
|---|---|---|---|
| मेष | : सत्कार मिल्नेछ | तुला | : ब्यापारमा लाभ |
| वृष | : सम्मान मिल्नेछ | वृश्चिक | : शत्रुको भय |
| मिथुन | : अप्रत्यसित लाभ | धनु | : झमेला बड्ने |
| कर्कट | : आर्थिक समस्या | मकर | : कार्यमा सफलता |
| सिंह | : मानसिक तनाब | कुम्भ | : मन चञ्चल |
| कन्या | : शारीरिक झमेला | मीन | : सहयोग मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# ताराखोलाका किसानलाई आलु भित्र्याउने चटारो

**पोखरापत्र संवाददाता**
बागलुङ, १० असार

बागलुङका ताराखोला गाउँपालिकाका किसानलाई यतिबेला आलु भित्र्याउन चटारो छ। ताराखोलाको मुख्य बालीको रूपमा रहेको बर्खे नियमित वर्षाले बारीमै कुहिने भएकाले आलु भित्र्याउन किसानलाई भ्याइनभ्याइ भएको हो । मनसुनी वर्षा सुरु भएसँगै किसानले आलु खन्न थालेका छन् ।

यहाँका किसानले बैंसीमा हिउँदे र लेकमा बर्खे आलु खेती गर्छन् । असारको पहिलो सातादेखिनै ताराखोलाका किसानले आलु भित्र्यउन थालेको गाउँपालिकाकी पूर्व उपाध्यक्षसमेत रहेकी किसान दिलकुमारी पुनले बताउनुभयो । यहाँका किसानको आम्दानीको मुख्य स्रोत नै आलु हो । "अर्मपर्म गरेर आलु खन्ने काम भइरहेको छ, एक दिनमा एउटा मात्रै बारीको पाटो खनेर सकिन्छ," उहाँले भन्नुभयो, "यस वर्ष आलु राम्रो फलेको छ ।" आलुको फसल लिँदै गरेका किसान खुसी छन् । यहाँ उत्पादन भएको आलु देशका अधिकांश सहरमा पुगे पनि किसानको हातमा भने मूल्य कम आउने गरेको पुनको गुनासो छ ।

ताराखोलाको आलुको अहिले गण्डकी प्रदेश मात्रै होइन्, देशको ठूलो सहर काठमाडौँमासमेत चर्चित छ । किसानको मुख्य आम्दानीको रूपमा रहेको आलुको माग बढेसँगै आलुखेतीमा किसानको आकर्षण बढ्न थालेको छ । यस गाउँपालिकामा गत वर्ष मात्र रु सात लाख १२ हजार पाँच सय ६८ किलो आलु उत्पादन भएको कृषि शाखाको तथ्याङ्क छ । यो वर्ष उत्पादन अझै बढ्ने अपेक्षा छ । आलुका लागि बजार सजिलै पाइने भएकोले किसानले हरेक वर्ष आलु उत्पादन बढाउने प्रयास गरेको ताराखोला-५ वडाध्यक्ष मनबहादुर रोकाले बताउनुभयो । यहाँका किसानले घरमा आएका पाहुनालाई आलु खुवाउनेदेखि कोसेली पठाउनेसमेत गर्छन् । पछिल्लो समय किसानले आलुको बिक्रीबाट राम्रो आम्दानी गर्दै आएका छन् । खाद्यान्नबाली कम फल्ने भएकाले यहाँका किसानले आलुको बिक्रीबाट आएको पैसाले खाद्यान्न खरिद गरेर गर्जो टार्नाका साथै बँचेको पैसाले घरखर्च पनि चलाउँछन् । आलुबाट चिप्स बनाउने उद्योग पनि ताराखोलामा केही वर्ष अघिदेखि सञ्चालनमा छ । उक्त उद्योगलाई व्यवस्थित गरेर लैजान र किसानलाई व्यावसायिक बनाउने कार्यक्रम रहेको गाउँपालिकाका अध्यक्ष धनबहादुर विकले बताउनुभयो ।

ढोरपाटन नगरपालिकाको ढोर, काठेखोला गाउँपालिकाको धम्जा, बागलुङ नगरपालिकाको भकुण्डे, जैमिनीको दमेक र बरेङ गाउँपालिकाको सुखौरा भित्रिवन पनि आलुका लागि प्रख्यात ठाउँ हुन् । ताराखोलाको आलु प्रतिकिलो रु ४० र एक पाथीको रु दुई सयमा बिक्री हुँदै आएको स्थानीय किसान शर्मिला रोका मगरले बताउनुभयो ।


**नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण**

**पोखरा महानगरपालिका वडा नं. १३ स्थित पाटनवेशी बहुउद्देश्यीय भवन निर्माण कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।**

**योजनाको नाम: पाटनवेशी बहुउद्देश्यीय भवन निर्माण**
**स्थान: पोखरा-१३, कास्की**
**योजना सुरु हुने मिति: २०८०/०२/०५ गते**
**योजना सम्पन्न हुने मिति: २०८०/०२/३० गते**
**योजना सम्पन्न भएको मिति : २०८०/०३/१० गते**
**योजनाको कुल लागत : रु. २९,४१,१७६ ।-**
**महानगरबाट प्राप्त हुने रकम : रु. २५,००,००० ।-**
**जन सहभागितावाट : रु. ४,४१,१७६ ।-**
**उपभोक्ता समिति अध्यक्ष: भिमसेन क्षेत्री**
**जम्मा सदस्य संख्या: ७, महिला: २ जना**

**पाटनवेशी बहुउद्धेश्यीय भवन निर्माण ढलान उपभोक्ता समिति पोखरा-१३, पाटनबेसी, कास्की**


# घोडेपानीमा गुराँस 'पार्क'

**पोखरापत्र संवाददाता**
म्याग्दी, १० असार

म्याग्दीको अन्नपूर्ण गाउँपालिका-६ घोडेपानीमा गुराँस उद्यान (पार्क) निर्माण भएको छ । गुराँसे जङ्गलबीचको सुन्दर पर्यटकीय बस्ती घोडेपानी नजिकै कालीसारमा ५० रोपनी खाली चौरमा विभिन्न संरचना निर्माण गरेर पार्क बनाइएको हो ।

डिभिजन वन कार्यालय म्याग्दीको सहयोगमा पार्क बनाइएको वडाध्यक्ष रामबहादुर खड्काले जानकारी दिनुभयो ।

"उद्यान बनाउन डिभिजन वन कार्यालय म्याग्दीले चालु आर्थिक वर्षमा रु २० लाख बजेट विनियोजन गरेको थियो", उहाँले भन्नुभयो, "ठूलाठूला अक्षरको ब्लकबाट पोखरा-जोमसोम उडान भर्ने पर्यटकले जहाजबाटै हेर्न सक्ने गरी गुराँस पार्क लेखेको सेल्फी बोर्ड बनाइएको छ ।"

घना गुराँसे जङ्गलबीचमा रहेको पार्क अवलोकन गर्न जाने पर्यटकका लागि शौचालय, चरा अवलोकन गर्नेहरूका लागि बेञ्च, पानी पर्दा, गर्मीमा ओत लाग्ने गोलघर बनाइएको कालीसार गुराँस पार्क निर्माण समितिका अध्यक्ष सुशील पुनले बताउनुभयो । "पार्कभित्र ढुङ्गा बिछ्याएर पदमार्ग बनाइएको छ", उहाँले भन्नुभयो, "पार्कबाट गुराँसको जङ्गलको पृष्ठभूमिमा हिमालको दृश्यावलोकन गर्न सकिन्छ।" पार्कको छेउमा खोल्सा परेको भाग थुनेर वन्यजन्तुका लागि पानी पिउने पोखरी पनि बनाइएको छ । अघिल्लो वर्ष यही क्षेत्रमा हर्स राइडिङ ट्रेल, साइक्लिङ ट्रेल र वर्ड वाचिङ प्वाइन्ट बनाइएको थियो ।

घोडेपानी-पुनहिल भ्रमणमा आउने पर्यटकको बसाइ लम्ब्याउनका लागि गुराँस पार्क सहयोगी बन्ने डिभिजन वन कार्यालयका सहायक वन अधिकृत नरबहादुर क्षेत्रीले बताउनुभयो । घोडेपानी बस्तीको सिरानबाट पश्चिमोत्तर आधा घन्टा गुराँसे जङ्गलभित्र हिँडेपछि कालीसारस्थित गुराँस पार्क पुगिन्छ । घान्द्रुकबाट घोडेपानी-नागीसम्म सबैभन्दा ठूलो लालीगुराँसको जङ्गल छ । अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एकयाप)को अभिलेखअनुसार नेपालमा ३२ प्रजातिका गुराँस पाइन्छ। त्यसमध्ये घोडेपानी क्षेत्रको जङ्गलमा आठ प्रजातिका पाइन्छन् । पार्कबाट थप १५ मिनेट अगाडि बढेपछि गुराँसकै जङ्गलभित्र रहेको सुन्दर प्यारीवराह ताल पुगिन्छ। फर्कँदा प्यारीवराहबाट भलखराचौर हुँदै ४० मिनेटमा घोडेपानी बस्तीको पुछारमा आइपुगिन्छ। घोडेपानीको सिरानबाट कालीसार गुराँस पार्क हुँदै प्यारीवराह ताल पुगेर भल्खराकोबाट तल्लो बाटो हुँदै घोडेपानी साइक्लिङ गर्न सक्छन् । प्यारीवराहबाट घोडेपानीसम्मको घोडाचढी (पोन्नी ट्रेल)मा जान सकिन्छ । प्रदेश सरकारले अघिल्लो वर्ष रु २५ लाख खर्चेर घोडेपानीबाट कालीसार (गुराँस पार्क) हुँदै प्यारीवराह ताल पुगेर भल्खरा हुँदै घोडेपानी फर्कन करिब सात किमी साइकल लेन, हर्स राइडिङ ट्रेल र प्यारीवराह ताल फन्को लगाउने पैदलमार्ग बनाएको थियो । डिभिजन वन अधिकृत मनोज रानाभाटले पार्कले पर्यापर्यटनमा योगदान पुर्‍याउने र घोडेपानीमा पर्यटकको बसाइ अवधि लम्बिने विश्वास गर्नुभयो । डिभिजन वन कार्यालयले तीन वर्षअघि पनि अन्नपूर्ण-७ रिमागाउँको सिरानमा रहेको नेसरानी सामुदायिक वनको ४० रोपनी घेराबन्दी गरी गुराँस पार्क बनाएको थियो। फूलबारीमा रु १० लाख ७० हजार बजेटमा पार्क क्षेत्रलाई तारबार गरी छुट्याउने, गुराँस पार्क क्षेत्रमा एउटा गोलघर बनाइएको छ।

# पर्वतमा ६० साना सिँचाई आयोजना सम्पन्न

**पोखरापत्र संवाददाता**
पर्वत, १० असार

पर्वतमा यस वर्ष ६० साना सिँचाइका योजना सम्पन्न भएका छन् ।

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना धान जोन एकाइ कार्यालय पर्वतले धानखेतीका लागि कृषकलाई सहज बनाउन ती साना सिँचाइका योजना निर्माण गरेको हो । सिँचाइको सुविधा नपुगेका सीमान्तकृत बस्तीमा प्रतियोजना रु दुई लाखका दरले ती योजना निर्माण गरिएको हो ।

कार्यालयका अनुसार सहकारी, फार्म, कृषक समूहको माग र भौगोलिक विकटता तथा आवश्यकताका आधारमा प्राथमिकता दिएर आयोजनाको छनोट गरिएको थियो । धान जोन कार्यान्वयन एकाइका निमित्त प्रमुख सुजित पौडेलले चालु आर्थिक वर्षमा रु एक करोड २० लाख लागतमा ६० योजना सम्पन्न भएर यसै वर्षदेखि कृषकले सिँचाइ सुविधा उपभोग गर्न पाएका हुन् । कार्यालयले चालु आव २०७९/८० मा सम्पन्न साना सिँचाइ आयोजनाबाट करिब एक हजार दुई सय रोपनी क्षेत्रफलमा सिँचाइको पहुँच विस्तार भएको जनाएको छ ।

तीस सेन्टिमिटर चौडाइ र एक सय मिटरभन्दा बढी लम्बाइका सिँचाइ कुलो, स-साना बस्ती, फाँट, तरकारी फार्म र कृषक समूहका लागि यस्ता योजना उपयोगी भएको कार्यालय प्रमुख पौडेलले जानकारी दिनुभयो ।

किसानले पहिला खोला-खोल्साबाट कुलो बनाएर तरकारी र खेतमा सिँचाइ गर्ने गरेकामा साना सिँचाइ आयोजनाले थप सहज भएको बताएका छन् । पकुवा साना सिँचाइ आयोजनाका कृषक पदम विक र सल्यान कृषक समूहका प्रकाश पोखरेलले ठूला नहर र मुख्य पानीको स्रोत अभाव हुने स्थानमा पनि सिँचाइ गर्न सजिलो भएको बताउनुभयो ।

पानीको स्रोत नभएका राजमार्गको नाली उपयोग गरेर सिँचाइ गर्ने कतिपय बर्खे खोलाखोल्सीको पानी सदुपयोग गर्न पनि साना सिँचाइ आयोजना पर्वतमा प्रभावकारी देखिएका छन । साना सिँचाइ आयोजनाले पर्वतका किसानलाई धान रोप्न तथा धानको बीउ राख्न र तरकारी खेतीमा सिँचाइ गर्न सजिलो भएको छ ।

आव सकिनै लाग्दा कृषकका लागि सरकारले गरेका लगानीको स्थलगत अनुगमन तथा सामाजिक लाभको मूल्याङ्कन गर्न उक्त कार्यालयले सक्रियतासमेत देखाएको छ । पर्वतका नौ हजार ५० हेक्टर धानखेती हुने जमिनमध्ये झन्डै छ हजार हेक्टरमा स्थायी सिँचाइ सुविधा पुगेको छ । तर मौसमी पानीको स्रोत भएका ठाउँमा साना सिँचाइले टेवा पुगेको कटुवाचौपारीका कृषक सुरेश पिसीले जानकारी दिनुभयो ।


**नेपाल रेडक्रस सोसाइटी पोखरा १७ उपशाखाको स्वामित्वमा रहेका सटर भाडामा लगाउन बोलपत्र आव्हान सम्बन्धि सुचना**

प्रथम पटक प्रकाशित मिति २०८०/०३/११ गते

पोखरा-१७, छोरेपाटन स्थित प्रहरी चौकीको पश्चिम पट्टी जोडिएको सिद्धार्थ राजमार्ग मोहडा हुने गरी नेपाल रेडक्रस सोसाईटी उपशाखा पोखरा-१७ को स्वामित्वमा रहेको भुइतल्लाका सटरहरु आगामी ५ बर्षको लागि भाडामा लगाउनु पर्ने भएको हुँदा यो सूचना प्रकाशित भएको मितिदे १५ दिन भित्र उपशाखाको कार्यालयमा सम्पर्क राखी रु. १०००/- को बैंक भौचर संलग्न गरी कोटेशन फारम खरिद गरी बुझाउन सकिने छ ।

कोटेशन फारम बुझाउँदा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र संघसंस्थाको हकमा आवश्यक दर्ता प्रमाणपत्रहरुको प्रतिलिपि संलग्न गरी यस उपशाखाको नाममा रहेको डेभिजफल स्थित लुम्बीनी विकास बैंकको खाता नं. ००३००१०००२०४०१००००००२ मा तपसिल बमोजिम धरौटी वापत जम्मा गरेको सक्कल बैंक भौचर साथ पेश गर्नुपर्ने छ । साथै एकमुष्ठ सटर भाडामा लिन चाहने लाई ग्राह्यता दिइने छ । प्राप्त कोटेशनहरुको निर्णय गर्ने अधिकार यस उपशाखामा निहित रहनेछ ।

**तपसिल**

१) सटर नं १ र २ को लागि प्रति सटर धरौटी रु ८०००/- मात्र
२) सटर नं ४, ५ र ६ को लागि प्रति सटर धरौटी रु १८०००/- मात्र
३) सटर नं १, २, ४, ५ र ६ को लागि प्रति सटर धरौटी रु ३५०००/- मात्र

**नेपाल रेडक्रस सोसाइटी**
**पोखरा-१७, उपशाखा**
**सम्पर्क नं. ९८५६०२३३२२/९८५६०२२७७८**



**नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण**

**पोखरा महानगरपालिका वडा नं. ५ ठुलीपोखरी तारबार तथा गेट निर्माण कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।**

**योजनाको नाम: ठुलीपोखरी तारबार तथा गेट निर्माण योजना**
**स्थान: पोखरा-५, कास्की**
**योजना सम्झौता मिति: २०७९/१२/२० गते**
**योजना सुरु भएको मिति: २०७९/१२/२१ गते**
**योजना सम्पन्न भएको मिति : २०८०/०३/१० गते**
**योजनाको अनुमानित लागत: रु ९,१८,४०४.६५।-**
**योजनाको कुल लागत : रु. ८,४५,६२६.४८ ।-**
**महानगरबाट प्राप्त हुने रकम : रु. ९,१७,००० ।-**
**उपभोक्ता समितिको अध्यक्ष: अन्जु के.सी. सचिव: धनन्जय पौडेल**
**सम्पर्क न.: मो. ९८५६०३६५७२, ९८५६०३३१७६**

**ठुलीपोखरी तारबार तथा गेट निर्माण योजना उपभोक्ता समिति पोखरा-५, कास्की**

# युवापुस्ताको रुचिमा छैन बाजा बजाउने पेसा

पोखरापत्र संवाददाता
वालिङ, १० असार

दोस्रो पुस्ताले रुचि नदेखाउँदा पछिल्लो समय यहाँको बाजा बजाउने पेसा हराउने अवस्था देखा परेको छ।

स्याङ्जाको गल्याङ नगरपालिका-८ बङ्रातीमा पुर्खौंदेखि परियार समुदायले बजाउँदै आएको नौमती बाजा पछिल्लो समय नयाँ पुस्ताले अँगाल्न नसक्दा सो पेसा हराउने अवस्था देखिन थालेको हो । बङ्रातीका बाजा भनेपछि यसको छुट्टै महत्व र माग हुँदाहुँदै पनि नयाँ पुस्ताले यो पेसाप्रति रुचि नदेखाएकाले भोलिका दिनमा हराउँछ कि भन्ने चिन्ता बङ्राती कालिका बाजा समूहका अध्यक्ष दलबहादुर परियारको छ।

"लगनका बेला र शुभकार्यमा नौमती बाजाको माग हुने गरेको छ", उहाँले भन्नुभयो, "अरु बेला काम पाइँदैन, लगनका बेलामा मात्रै बाजा बजाएर दैनिक चल्ने कुरै भएन ।" बाजा बजाएर दैनिकी चलाउन गाह्रो हुने, नियमित आम्दानी नहुने, मेहनत अनुसारको पारिश्रमिक नपाइने भएकाले युवा पुस्ताले रुचि नदेखाएको उहाँले बताउनुभयो । "गाउँमा युवाको सङ्ख्या त अधिक छ, यो पेसाबाट आम्दानी कम हुने भएकाले टिक्न सक्ने अवस्था भएन, गाउँका अहिले करिब ३५-४० युवा वैदेशिक रोजगारीमा छन्, यहाँका युवाले बाजा बजाउने सीप नै नजानेका होइनन्", उहाँले भन्नुभयो, "सीप त जानेका छन्, तर यसबाट भएको आम्दानीले घर खर्च चलाउनै मुस्किल भएपछि टिकिराख्न सकेनन् ।" दिन तथा दूरीका हिसाबले नजिक तथा टाढाको दर फरक हुने गरेको समूहका सदस्य तुलवीर परियार बताउँदै नजिकदेखि टाढा तथा समयानुसार न्यूनतम रु २० देखि ४० हजारसम्म पारिश्रमिक लिने गरेको उहाँले बताउनुभयो । "अहिले बाजा समूहमा १२ जना ४०-४५ वा सोभन्दा माथिका मात्रै सहभागी छौँ", उहाँले भन्नुभयो, "समूहमा युवा पुस्तालाई हिँडाउन सकेका छैनौँ, युवा बाजाभन्दा पनि वैदेशिक रोजगार वा अन्य व्यवसायतर्फ आकर्षित भएका छन् ।" केही वर्ष पहिले गल्याङ नगरपालिकाले नौमती बाजा सेट उपलब्ध गराएको थियो । बाजा पुराना भएकाले बजाउन समस्या हुन थालेको समूहका सदस्य लोकबहादुर परियारले बताउनुभयो। बाजा समूहका लागि नयाँ बाजा र समूहको पोशाक आवश्यक रहेको उहाँले बताउनुभयो । "बाजाको माग भएका स्याङ्जासहित छिमेकी जिल्लाका विभिन्न ठाउँमा बाजा बजाउन जान्छौँ", उहाँले भन्नुभयो, "बाजाको माग नभएका बेला घरमै सिलाइकटाइ गर्ने गरेका छौँ।" बिहान कमाएर साँझ खानपर्ने बाध्यता रहेकाले नयाँ बाजागाजा थप गर्नसक्ने अवस्था नरहेको सदस्य लोकबहादुरले बताउनुभयो।

# पृथ्वी राजमार्गको विकल्पमा 'बुद्धसिं' मार्ग

रासस
दमौली, १० असार

तनहुँको दमौलीदेखि चितवनको घुमाउने निस्किने बुद्धसिं मार्गलाई पृथ्वी राजमार्गको वैकल्पिक मार्गका रुपमा विकास गर्न लागिएको छ। पृथ्वी राजमार्गअन्तर्गत डुम्रे-आँबुखैरेनी हुँदै घुमाउने पुग्नभन्दा बुद्धसिं मार्गबाट जाँदा २५ किलोमिटर दूरी कम पर्दछ।

गण्डकी प्रदेश सरकारले बुद्धसिं मार्गलाई प्राथमिकतामा राखेर आगामी आर्थिक वर्षका लागि बजेट विनियोजन गरेको छ। पृथ्वी राजमार्गको वैकल्पिक मार्गका रुपमा विकास गर्न लागिएको बुद्धसिं मार्गको काम अगाडि बढाउन आवश्यक बजेट विनियोजन गरिएको प्रदेशका आर्थिक मामिलामन्त्री जीतप्रकाश आलेमगरले बताउनुभयो। बुद्धसिं मार्गमा कालोपत्रको कामलाई अगाडि बढाउन लागिएको छ। दमौलीदेखि सुढेसम्मको १० किलोमिटर सडक कालोपत्रका लागि काम अगाडि बढाउन लागिएको हो। "प्रदेश सरकारले यो मार्गलाई प्राथमिकतामा राखेर बजेट विनियोजन गरेको छ", मन्त्री आलेले भन्नुभयो, "पृथ्वी राजमार्गको विकल्प बन्नसक्ने यो बाटो स्तरोन्नतिमा प्रदेश सरकार प्रतिबद्ध छ।" रणनीतिक महत्वको सडक बुद्धसिंह मार्ग निर्माण कार्यलाई तीव्रताका साथ अगाडि बढाउन रु पाँच करोड बजेट विनियोजन गरिएको मन्त्री आलेले बताउनुभयो । उहाँले भन्नुभयो, "यो मार्गले राष्ट्रिय राजमार्गसँग वैकल्पिक राजमार्गको आबद्धतामा विस्तार भई सडक पूर्वाधारको उपभोगमा जनताको पहुँच अभिवृद्धि हुने विश्वास गरिएको छ।" बुद्धसिं मार्गको निर्माण कार्य बहुवर्षे योजनाअन्तर्गत पहिलो खण्डका लागि रु पाँच करोड विनियोजन गरिएको हो।

चितवनको घुमाउनेमा पक्की पुल नहुँदा दमौलीबाट गएका सवारीसाधन पार गर्न मिल्दैन । घुमाउनेमा पुल निर्माणमा ढिलाइ भएकाले पनि भए वैकल्पिक मार्गका रुपमा प्रयोग गर्न सकिएको छैन। तनहुँ क्षेत्र नं १ बाट निर्वाचित प्रतिनिधिसभा सदस्य डा स्वर्णिम वाग्लेले केही समय अगाडि घुमाउने पुलको अवलोकन गरेर यसलाई चाँडो निर्माण सम्पन्न गराउन सरकारको ध्यानाकर्षण गर्ने बताउनुभएको थियो । उक्त पुल निर्माणका लागि विसं २०७५ माघमा सम्झौता भएको थियो। आँबुखैरेनी गाउँपालिकाका अध्यक्ष शुक्र चुमानले निर्माण व्यवसायीको ढिलासुस्तीका कारण पुल निर्माण समयमै हुन नसकेको बताउनुभयो। एक सय पाँच मिटर लम्बाइ रहेको पुलको लागत रु नौ करोड ५६ लाख रहेको छ। गण्डकी प्रदेशलाई चितवनको नारायणगढसम्म जोड्ने सबैभन्दा छोटो दूरीको बुद्धसिंह मार्गको घुमाउनेको उक्त मोटरेवल पुल सडक विभागअन्तर्गतको डिभिजन सडक कार्यालय तनहुँको प्राविधिक सहयोगमा निर्माण हुनेछ। उक्त पुलको निर्माण सम्पन्नपश्चात् पोखरा र दमौलीलाई नारायणगढ आउनजान हाल सञ्चालन भइरहेको मुग्लिङ-नारायणगढ सडकभन्दा २५ किमीको दूरी छोटो पर्छ। घुमाउनेमा मोटरेवल पुल नहुँदा यातायातका साधन तनहुँकै सिमानामा पुगेर फर्कन बाध्य छन् । मोटरसाइकल भने डोहोऱ्याएर मुग्लिङ-नारायणगढ सडकखण्डसम्म ल्याउन सकिन्छ । पोखरा-नारायणगढ सडकको विकल्पका रुपमा तयार गरिएको बुद्धसिंह मार्गको थप स्तरोन्नति र घुमाउनेमा पुल निर्माण सम्पन्न भएपछि यस क्षेत्रका नागरिकलाई चितवन र तराईका विभिन्न जिल्ला जान समय बचत हुने बुद्धसिं मार्गका पूर्वअध्यक्ष विश्व बास्तोलाले बताउनुभयो। तनहुँको दमौलीदेखि घुमाउनेघाटसम्म नियमितरुपमा साना बस तथा दुईपाङ्ग्रे सवारीसाधन आउने जाने गरे पनि दुईपाङ्ग्रे सवारीसाधन भने झोलुङ्गे पुल तरेर मुग्लिङ-नारायणगढ सडकमा निस्कन्छ भने बस तथा अन्य सवारी साधन भने पुलको अभावमा उतै रोकिन बाध्य छन्। पृथ्वी राजमार्गअन्तर्गत मुग्लिन-पोखरा सडक विस्तार कार्य चलिहरँदा राजमार्ग धुलाम्य भएपछि मोटरसाइकल यात्रु भने बुद्धसिं मार्ग हुँदै आवतजावत गर्न थालेका छन्।

# रामवाच्छामा उद्घोषण तालिम सम्पन्न

पोखरापत्र संवाददाता
वालिङ, १० असार



वालिङ नगरपालिका वडा नं १ को कार्यालयद्धारा आयोजित २ दिन उद्घोषण तथा भाषण तालिमको समापन भएको छ।

रामवाच्छामा आयोजित तालिमको समापन समारोहमा बोल्दै वालिङ नगरपालिकाका मेयर कृष्ण खाँणले लक्षित समुदायका लागि आयोजित तालिम उपलव्धीमुलक भएकोमा सहभागीहरुलाई धन्यवाद दिए, आगामी दिनमा पनि यस्ता तालिमलाई निरन्तरता दिइने उनले बताए । वडा नं १ का अध्यक्ष तथा वालिङ नगरपालिकाका प्रवक्ता पदम राज गुरुङले तालिमपछि प्रशिक्षार्थीहरुमा आएको परीवर्तनले खुशी लागेको बताए। कार्यक्रममा वडा सदस्य शोभाकान्त काफ्ले, तमु समाज रामवाच्छाका अध्यक्ष सु.मे हुम वहादुर गुरुङ, कानुङ मगर समाज रामवाच्छाका अध्यक्ष ख्याम वहादुर आले ,गुरुङ राष्ट्रिय महिला परीषद स्याङजाका वरीष्ठ उपाध्यक्ष पमिला गुरुङ लगायतकाले बोलेका थिए साथै मगर र गुरुङ समुदायका विभिन्न मौलिक लोक संस्कृतिहरु प्रस्तुत गरीएको थियो । उक्त समापन कार्यक्रममा प्रशिक्षार्थी निशा गुरुङले स्वागत मन्तव्य राखेका थिए भने वडा सचिव वुद्धिसागर पंगेनी र प्रशिक्षार्थी खीन कुमारी गुरुङले सञ्चालन गरेका थिए।

# नेपाल उज्वेकिस्तानसँग पराजित

रासस
काठमाडौं, १० असार

किर्गिस्तानमा जारी सेन्ट्रल एसियन भलिबल (काभा) पुरुष भलिबल नेसन्स लिग प्रतियोगिताको अन्तिम खेलमा नेपाल उज्वेकिस्तानसँग पराजित भएको छ । बिस्केकस्थित स्पोर्ट्स एन्ड रिक्रिएसन कम्प्लेक्समा आज भएको खेलमा उज्वेकिस्तानले नेपाललाई ३-० को सोझो सेटमा पराजित गरेको हो।

उज्वेकिस्तानले नेपाललाई पहिलो सेट २५-२१ दोस्रो सेट २५-२२ र तेस्रो सेट २५-२३ ले पराजित गऱ्यो। प्रतियोगितामा नेपालको यो लगातार छैटौं हार हो। यसअघि भएको पहिलो खेलमा नेपाल मङ्गोलियासँग पराजित भएको थियो भने दोस्रो खेलमा आयोजक किर्गिस्तानसँग पराजित भएको थियो।

त्यसैगरी, नेपाल तेस्रो खेलमा इरान, चौथो खेलमा तुर्किमिनिस्तान र पाँचौं खेलमा आयोजक किर्गिस्तानको 'बी' टोलीसँग पराजित भएको थियो।

## सच्याइएको

यस पोखरापत्र राष्ट्रिय दैनिकको २०८० असार ९ गते शनिबार प्रकाशित वर्ष २४ अङ्क १६१ को पेज नं. २ मा प्रकाशित नेपाली गाउँका साथीहरु संस्थाको बस बिक्रि सम्बन्धि बोलपत्र आह्वान सूचनामा सर्तहरुको ३. नं. बुदाँमा ........८ औं दिनको.....हुनुपर्नेमा अन्यथा भएकोले सच्याइएको छ। - सम्पादक

## एउटै व्यक्ति भएको सूचना



कास्की जिल्ला माछापुच्छ्रे गाउँपालिका वडा नं. ७ मिलन टोल निवासी भारतीय भू.पू.नं. 5241807w Rank NK S/057454/96 TS No. 156108 unit 1/3 GR का पूर्ण बहादुर पुन मगरको श्रीमती कौमती पुन मगरको नेपाली नागरितामा नामथर कौमती पुन मगर भएको र निजको पतिको पेन्सन अभिलेखमा नामथर पौमती पुन उल्लेख भएको हुँदा उल्लेखित दुवै नामथर भएको व्यक्ति एउटै व्यहोरा सिफारिस साथ अनुरोध छ भनी कास्की जिल्ला माछापुच्छ्रे गाउँपालिका ७ नं. वडा कार्यालयको च.नं. १४१३ मिति २०८०/०३/०६ को सिफारिस पत्रबाट लेखी आएको हुँदा पेन्सन प्रयोजनको नियमानुसार हुन अनुरोध छ।

## नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना

पोखरा महानगरपालिका वडा नं. २३ मा चापाकोट एग्रो मार्ग निर्माण तथा ढलान गर्दा निम्न अनुसारको आम्दानी तथा खर्च भएको सम्वन्धित सबैको जानकारी तथा नागरिक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ।

**योजनाको नाम:** चापाकोट एग्रो मार्ग निर्माण तथा ढलान
**उपभोक्ता समितिको नाम:** चापाकोट एग्रो मार्ग निर्माण तथा ढलान उपभोक्ता समिति, पोखरा-२३
**योजना सम्झौता मिति** :.२०७९/११/१५
**योजना सम्पन्न हुने मिति** : २०८०/०२/३० गते
**योजना सम्पन्न भएको मिति** : २०८०/०३/११ गते
**कुल लागत रकम:** ४७,७८,१८०/८९
**महानगरपालिका बाट प्राप्त** : ४२,५४,०००/-
**जनश्रमदान** : ५,४२,१००/८९

**चुडामणी दाहाल**
**अध्यक्ष**
**चापाकोट एग्रो मार्ग निर्माण तथा ढलान उपभोक्ता समिति.**
**पोखरा-२३. कास्की**

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १२ र १३ मा अवस्थित श्री गणेश तथा भद्रकाली मन्दिर क्षेत्रको संरचनागत पूर्वाधार विकासको क्रममा मन्दिर परिसर आँगन अझै फराकिलो बनाई जमिन सम्याउने सहित रिटेनिङवाल लगाई प्रदक्षिणा मार्ग बनाउने तथा तल वेशीमा गुठी वन डाँडा क्षेत्र संरक्षणार्थ कम्पाउण्डवाल लगाई त्यसै माथी पदमार्ग (फुटट्रयाक) बनाउने कार्ययोजना निर्माण गर्दा निम्न अनुसारको आम्दानी खर्च भएको व्यहोरा सम्बन्धित सबै सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

योजनाको नाम: गणेश तथा भद्रकाली मन्दिरको पर्खाल तथा पैदल मार्ग निर्माण
स्थान: पोखरा-१२/१३, कास्की
योजना सम्झौता मिति : २०७९/११/२८ गते
योजना सुरु भएको मिति : २०७९/११/२८ गते
योजना सम्पन्न हुने मिति: २०८०/०३/१५ गते
योजना सम्पन्न भएको मिति: २०८०/०२/३२ गते
योजनाको कुल लागत : रु. ४९,९९,५०९.९१।-
योजनामा भएको कुल खर्च : रु ५०,५०,००१.९१।-
महानगरपालिकाबाट प्राप्त हुने रकम : रु. ५०,००,०००।-
जन सहभागितावाट प्राप्त हुने रकम : रु. ५०,४९२।-
उपभोक्ता समिति अध्यक्ष: योगेन्द्रमान श्रेष्ठ

**श्री गणेश तथा भद्रकाली मन्दिर सेवा समिति**
**कुँडहर, पोखरा १२/१३**

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १४ स्थित फुटसलदेखि पूर्व तामाङ समाज घरसम्म बाटो ढलान निर्माण कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

योजनाको नाम: फुटसलदेखि पूर्व तामाङ समाज घरसम्म बाटो ढलान
स्थान: पोखरा-१४, चाँदनी टोल, कास्की
योजना सम्झौता मिति: २०८०/०३/०४ गते
योजना सुरु हुने मिति : २०८०/०३/०५ गते
योजना सम्पन्न हुने मिति: २०८०/०३/१२ गते
योजनाको कुल लागत : रु. ५,३८,९१०.७०।-
महानगरबाट प्राप्त हनु रकम : रु. ३,००,०००।-
जन सहभागितावाट : रु. २,३८,८१०.७०।-
उपभोक्ता समिति अध्यक्ष: रामचन्द्र पौडेल
मो. ९८५६०२९५१७
जम्मा सदस्य संख्या: ५, महिला: २ जना
अनुगमन वडा १४ प्रतिनिधि वडा सदस्य: श्री कृष्णहरि काफ्ले

**फुटसलदेखि पूर्व तामाङ समाज घरसम्म बाटो ढलान उपभोक्ता समिति पोखरा-१४, कास्की**

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं २८ स्थित लामिछाने गाउँ सडक स्तर उन्नती कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

योजनाको नाम : लामिछाने गाउँ सडक स्तर उन्नती
ठेगाना: पोखरा-२८, माझठाना, लामिछाने गाउँ
योजना सम्झौता मिति : २०८०/०१/२७ गते
योजना सुरु भएको मिति : २०८०/०१/२८ गते
योजना सम्पन्न हुने मिति : २०८०/०३/१० गते
योजनाको कुल लागत : रु.११,११,६३५/-
महानगरपालिकाबाट प्राप्त हुने रकम : १०,००,०००/-
उपभोक्ता समितिबाट : रु.१,११,६३५/-

**लामिछाने गाउँ सडक स्तर उन्नती उपभोक्ता समिति**
**पोखरा-२८, माझठाना, कास्की**

गण्डकी प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
**पर्यटन, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय**
**पर्यटन तथा उद्योग कार्यालय, कास्की**

## फर्म बन्द सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रथम पटक प्रकाशित सूचना २०८०/०३/१०

यस कार्यालयबाट मिति २०७६/०६/१५ मा कास्की जिल्ला पोखरा १४ मा संचालन गर्ने गरि पैयूँ गाउँपालिका ०७ पर्वत निवासी टिकीमाया गुरुङको नाममा दर्ता भएको उद्योग दर्ता नं. १६३४५/०७६/०७७ (३८११) को सुजन गुरुङ खाजा घर नामक फर्मको प्रोप्राईटरले मिति २०८०/०३/१० मा फर्म बन्द गरीपाउँ भनी आवश्यक कागजात सहित रितपूर्वक निवेदन दिनुभएको हुँदा यो ३५ दिने फर्म बन्द सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यदि सो उद्योगमा अरु कसैको हकदावी एवं कुनै पनि प्रकारको सामाजिक दायित्वहरु तथा लेनदेन भएमा सवुत प्रमाण सहित यो सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र यस कार्यालयमा लिखित उजुरी दिनुहुन अनुरोध गरिन्छ । म्यादभित्र लिखित उजुरी नपरेमा उक्त उद्योग नियमानुसार खारेज भई जाने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**पर्यटन तथा उद्योग कार्यालय, कास्की**
**गण्डकी प्रदेश, पोखरा**